# ५ सृष्टि र नैतिकता

<u>*यस अध्यायको निम्ति धर्मशास्त्र बाइबलबाट देहायका पदहरू पढ्नुहोस्:*</u>
उत्पत्ति २:१६,१७, उत्पत्ति १:२६-२८, याकूब १७:२६, प्रेरित १७:२६, हितोपदेश १४:३१, मत्ती ५:४४-४८, प्रकाश २९:११-१३।

<u>*स्मरण गर्नु पर्ने मूल सार पद:*</u> **"सनातनका परमप्रभु परमेश्वरले मानिसलाई एउटा आदेश दिनुभएको थियो। उहाँले भन्नुभयो, 'बँगैचाका रूखहरूमा फलेका फलफूलहरूमा कुनै पनि रूखका फलफूलहरू तिमी खान सक्छौ। तर असल र खराबको ज्ञान दिने रूखको फल तिमीलाई निषेध गरिएको छ। यदि तिमीले त्यस रूखको फल खायौ भने तिमी अवश्य मर्ने छौ।" (उत्पत्ति २:१६,१७ रूपान्तरित)।**

**कतिपय मानिसहरूले "मानव अधिकारको" बारेमा चर्चा गर्न मनपराउँछन्।** विश्व र इतिहासभरि धेरै यस्ता धेरै सामग्री तथा दस्तावेजहरू छन्, जसले मानव अधिकारको बारेमा निर्णायित्मक छलफल गरेका छन्। उदाहरणमा, ई,सन् १२१५ बेलायतको राजाको अधिकारलाई खुम्च्याएर त्यहाँका जनताले सर्वसम्मतीबाट निकालिएका मानव अधिकारको प्रथम् दस्तावेज म्याग्नाकार्ताको जन्म भएको थियो (धर्मको नाउँमा आफूलाई परमेश्वरबाट अधिकार भएको भन्दै त्यहाँका राजाहरूले जनतामाथी अन्धाधुन्ध निर्दयतासाथ राज गर्दा जनताले अनेकन् सास्ती सहनु परेको थियो। अन्तमा अती भएपछि राजाको विरूद्धमा सारा जनता उठे र राजालाई जनताको कठघरामा उभ्याएका थिए। त्यसबेलाका राजा जोनले जनतालाई मौलिक अधिकार सुम्पिन बाध्य तुल्याएका थिए)। त्यसरी नै सन् १७८९ताका फ्रान्समा जनमानसमा चलेको लहर "बन्धुत्व, समानता र स्वतन्त्रता"लाई मध्यनजरमा राखेर त्यहाँका जनताले मानव अधिकारको घोषणा गरेका थिए। वर्तमान राष्ट्रसंघमा भएका मानव अधिकारका विभिन्न दस्तावेजहरूले गर्दा मानिसहरूको व्यक्तिगत अधिकारको निम्ति संवेदनशील भइरहेको पाइन्छ। सबै मानिस समान छन्, कसैको भेदभाव हुनुहुन्न, धर्म, जात, लिङ्ग, वर्ण, आर्थिक स्तरको भरमा कसैलाई पक्षपात गर्न पाइन्दैन भन्ने आह्वानले ती मानव अधिकारका दस्तावेजहरू

भरिएका छन्। ती यस्ता मानव अधिकारहरू हुन् जुन कसैले पनि हरण गर्न अधिकार छैन। बाँच्नको निम्ति अर्थमूलक बनाउने ती मौलिक अधिकारहरू हाम्रै हुन् किनभने हामी मानव जाति हौं।

यद्यपि, मानव अधिकार सम्वन्धि विभिन्न वाख्या गरेतापनि कतिपय प्रश्नहरू खडा भइरहेको पाइन्छ, जस्तैः यथार्थमा मानिसलाई स्वाभिमान बनाउने मौलिक अधिकार नै कुन् हो त? ती अधिकारहरू कुन् हो भनेर हामीले कसरी निर्णय गर्ने? यदि मानव अधिकारका दस्तावेजहरू बाहिर निस्केतापनि ती दस्तावेजहरू ठिकै छन् भनेर प्रयोग गराउन कसलाई अधिकार सुम्पिएको छ? अनि ती मानव अधिकारहरू हामी  मानव जातिले पाउनै पर्छ भन्ने दाबीको अधिकार के छ त?

बिसौं शताब्धिमा पसेपछि मात्र कतिपय मुलुकमा महिलालाई भोट खसाल्ने अधिकार दिएको छ भने कतिपय मुलुकमा अझै आनकानी गरिरहेको पाइन्छ। मानिसहरूले पाउनु पर्ने अधिकारलाई कुनै पनि सरकारले कसरी दिन सक्दछ र? (विभिन्न देशमा धर्म, संस्कार आदिसँग बाझिन्दा ती अधिकारहरूको गरिमामयलाई कसरी थामी राख्ने?)।

ती प्रश्नहरूको जवाफ त्यति सजिलो छैन, (यदि छ भने ती जवाफहरूमा तितो सत्यले भरिएका हुन्छन्)। तर यथार्थमा ती प्रश्नहरूको यथोचित तथा न्यायोचित जवाफ मानिस जातिको सुरू कसरी भयो भन्नेसँग सम्बन्धित छन्। यस अध्यायमा त्यसै विषयलाई लिएर छलफल गरिएको छ।

## १. सृष्टिकर्ता परमेश्वरसँग हाम्रो भर (उत्पत्ति २:१६,१७)

परमेश्वरले आफ्नै हातबाट माटोलाई मुर्ति बनाएर जीवनको सास फुकी आदमलाई सृष्टि गर्नुभएको थियो भनेर उत्पत्ति २:७ले देखाउँछ। सारा जीव जन्तुहरूलाई सम्बोधन गरि सृष्टि भएका थिए भने मानव जाति विशेष रूपमा र तरिकाद्वारा सृष्टि भएको थियो। जन्तु जनावरभन्दा भिन्नै पाराले बौद्धिकता र आत्मिक ज्ञानले सुसम्पन्न गरि मानिसलाई सृष्टि गरिएको थियो। तर ती कुराहरू ती पदले खास गरेर उल्लेख नगरिएतापनि सृष्टिकर्ता परमप्रभु परमेश्वरले आफ्नै हातहरूले माटो मुछेर मानिस बनाउनुको अर्थबाट थाहा हुन्छ। परमेश्वर अति महान भएकोमा मानिसलाई सृष्टि गर्न यस धर्तीमा आइ आफ्नो हातलाई फोहर गर्नु हुन्न भने मानिसको सोचाइ हुनसक्छ। तर सृष्टिकर्ता परमेश्वरले मानिसहरूसँग घनिष्ट र निकट संवन्ध राख्नु भएको थियो

भनेर बाइबलले स्पष्ट रूपमा वाख्या गरेको छ। सृष्टिदेखि नै परमेश्वर मानव जातको क्रियाकलापमा सरिक हुनुभएको थियो भनेर बाइबलका विभिन्न उदाहरणहरूले बताउँदछन्। यसको प्रमाण देहायका केहि पदहरूले दिन्दछन्: प्रस्थान् ३२:१५,१६, लूका ४:४० र यूहन्ना ९:६। तर ती सबै उदाहरणहरूमा सबभन्दा गरिमामय उत्कृष्ट उदाहरण त येशू आफै हुनुहुन्छ। सारा जगतका सृष्टिकर्ता मानव शरीरको रूप धारण गरेर मानिसहरूको बीचमा हेमचेम गरेर बस्नु जस्तो सिद्ध उदाहरण अरू कुनै होला र? उहाँले नै सृष्टि गर्नुभएको संसारमा हामी जस्तै उहाँ समावेश भएर हिँडडुल गर्नुभएको थियो। (उहाँ मानिस भएर गुफामा बसेर त्याग तपस्या गरी वा कुनै गुरूकहाँ वा कुनै देशमा गएर धर्मशास्त्रहरू अध्ययन गरी मानिसले उहाँलाई पूजुन भनेर महान् जगत गुरू सिद्ध स्वामीको पगरी लगाउनु परेको थिएन। कतिले त येशू काश्मिरमा आउनु भयो र उहाँको चिहान त्यहाँ छ रे! भारतमा आएर विभिन्न धर्मगुरू र धर्मशास्त्रहरू अध्ययन गरि उहाँ इस्रायलमा गएर सिद्ध हुनु भयो रे। ती काल्पनिक कुराहरूतिर उहाँका भक्तहरू लाग्नु हुन्न। त्यस ताका धेरै मानिसहरू आफू मसिह हुँ भनेर दाबी गरेर आएका थिए। कतिको नाम येशू भनेर नामाङ्करण गरिएका थिए। हुनसक्छ ती मध्ये एक जना काश्मिरमा भागेर आएको होला। तर यस जगतमा केवल एक जनामात्र त्यो येशू हुनुहुन्छ जो परमेश्वर भएर पनि मानिस हुनुभयो, तर मानिस भएर आदर्श भइ भगवान हुनु भएको होइन। उहाँ मान गड (man god) होइन तर गडमान ( Godman) हुनुहुन्छ-अनुवादकको विश्लेशणबाट टिप्पणी)। परमेश्वर यति तल निहुर्नु भयो कि मानिसहरूसित संलघ्न भएर आफ्ना हातहरूलाई मैलो बनाउनुभयो।

**परमेश्वरले आदमलाई सृष्टि गरि के गर्नुभयो भनेर उत्पत्ति २:१६,१७ले यसरी बताउँदछ: "तब परमप्रभु परमेश्वरले मानिसलाई अदनको बँगैचामा लानु भयो। अनि त्यस बगैंचामा खन-जोत र हेरचाह गर्न उसलाई त्यहाँ राख्नु भयो। परमप्रभु परमेश्वरले त्यस मानिसलाई आज्ञा दिनु भयो। परमप्रभु परमेश्वरले भन्नुभयो, "तिमीले कुनै चिन्ता विना *यस* बगैंचाको कुनै पनि रूखबाट फलहरु खान सक्छौ, तर तिमीले त्यस रुखको कुनै फल खानु हुँदैन जसले असल र खराबको ज्ञान दिन्छ, किनभने जुन दिन तिमी त्यस रुखको फल खान्छौ निश्चयनै त्यस दिन तिमी आफै मर्नेछौ।" (रूपान्तरित)। आदमलाई दिएको त्यस निर्देशन के हामीलाई पनि लागु हुन्छ वा समयसापेक्षित छ त?**

आदम र हब्बालाई त्यस्तो निषेधाआज्ञा सहित आज्ञा दिनु वा नियम बनाएर हुकुम गर्नु परमेश्वरको के अधिकार छ भनेर कतिले त सोच्न पनि सक्दछन्। तर त्यस परिस्थितिलाई बालक भएको परिवारसँग दाँजौं। एक व्यवस्थित वा विवेकी आमाबाबुले बालकलाई घर दिन्छ र उसको जीन्दगीलाई बनाइ दिन्छ। उसको जीवनलाई अर्थमूलक बनाउन उसलाई चाहिने सबै थोक जुटाइदिन्छ। तिनीहरूले त्यस बालकलाई अति प्यार गरि हुर्काउँछन्। अनि त्यो बालक बढेर असल र ज्ञानी होस् भनि ती आमाबाबुले चाहना गर्दछन्। यदि आमाबाबुका धेरै अनुभवबाट सिकेका कुराहरूबाट र तिनीहरूको बुद्धिज्ञान वा अर्तिलाई आत्मसात् गरेर यदि त्यस बालक हिंड्यो भने धेरै दुःखबाट ऊ बच्न सकिन्छ। तर कतिपय बालबालिकाहरू आमाबावुको अर्तिनिर्देशन घाँडो भएको अनुभव गरेको पाइएको हुन्छ। जबसम्म त्यस बालकले आफ्नो आवश्यकता पूरा गर्न आमाबाबुमाथि भर पर्छ तबसम्म तिनीहरूको अर्ति र नितिलाई त्यस बालकले स्वीकार्नुपर्छ। त्यसरी नै हामीहरूलाई चाहिने जीवन र जीवनको निम्ति चाहिने आवश्यकताहरू पूरा गर्न स्वर्गका परमपिता परमेश्वरसँग हामी भर पर्नुपर्दछ। त्यसकारण हामीले पनि परमेश्वरको अगुवाई, नितिनिर्देशन पालन गर्न मनासीवै भएको देखिन्छ। परमेश्वर प्रेमिलो, स्नेही र करूणामय हुनुहुन्छ। हामीहरूको अधिकतम हितलाई सोचेर हाम्रो हेरचाह उहाँले गर्नुहुन्छ र हाम्रो आवश्यकता उहाँले नै हाम्रो हितलाई ध्यानमा राखेर पूरा गरिदिनुहुन्छ भन्ने आत्मज्ञानलाई आत्मसात् गरेर उहाँमाथि भरोसा राख्नुपर्दछ।

**भजन ९५:६,७ र भजन १०० पढ्नुहोस्। हामीलाई परमेश्वरको कति आवश्यकता रहेछ भनेर भजनका त्यस लेखकले कसरी व्यक्त गर्दछन्? हामीलाई परमेश्वरको आवश्यकतालाई नै मध्यनजर राखेर अरूलाई दया देखाएर चल्नुपर्छ भन्ने उत्तरदायीत्वलाई हाम्रो मगजमा कसरी घुसाउने?**

## २. परमेश्वरको स्वरूपमा (उत्पत्ति १:२६-२८)

मानिसलाई परमेश्वरले विशेष वरदान दिनुभएको छ जुन् जन्तुजनावरलाई दिनुभएको थिएन, त्यो के हो भन्दा उत्पत्ति १:२६-२८मा यसरी उल्लेख गरिएको छः " तब परमेश्वरले भन्नुभयो, "अब हामी मानिसलाई सृष्टि गरौं। हाम्रै स्वरुप हामीले मानिस बनाउनेछौं र मानिस हामी जस्तै हुनेछन्। तिनीहरुले जलचर, नभचर, स्थलचरमा

**ठूला साना अनि घस्रने सबै प्राणीहरुमाथि शासन गर्नेछन्।" अनि परमेश्वरले आफ्नै प्रतिरूपमा मानिसलाई सृष्टि गर्नुभयो। परमेश्वरले आफ्नै स्वरुपमा मानिसलाई सृष्टि गर्नु भयो। उहाँले पुरुष र स्त्री सृष्टि गर्नुभयो। परमेश्वरले तिनीहरुलाई आशीर्वाद दिंदै भन्नुभयो, "धेरै सन्तानहरु उत्पति गराऊ र पृथ्वी भरेर तिनीहरुको हेरचाह गर। समुद्रका माछाहरु, आकाशमा उड्ने चराहरु अनि पृथ्वीमा हिँडडुल गर्ने, सबै प्राणीहरुमाथि शासन गर।"**

सोच्नुहोस्, "परमेश्वरको स्वरूपमा" भन्नुको तात्पर्य के हो? त्यस प्रश्नमाथि भयङ्कर छलफल भएको पाइन्छ। त्यसको जवाफमा विभिन्न मानिसहरूले विभिन्न तर्कहरू प्रस्तुत गरेका छन् र गरिनै रहेका छन्। तर त्यस अवधारणालाई वाख्या गर्न केहि हदमा त्यहि पदहरूले दिएको पाइन्छ। प्रथमतः परमेश्वरको स्वरूपमा हामीलाई सृष्टि गरिएकोको अर्थ केहि हदमा हामी परमेश्वर जस्तै छौं। हामी परमेश्वरको स्वरूपमा भनेको एउटा अत्यन्त महत्त्वपूर्ण तर यो हो, उहाँले मानव जातिलाई अरू जीवितजीवातमाथि नियन्त्रण जमाउने अधिकार दिनुभयो। जसरी परमेश्वर सारा जगतका स्वामी हुनुहुन्छ, त्यसरी नै जलचर, चराचुरुङ्गी र जमिनका जन्तुजनावरमाथि नियन्त्रण गर्ने अभिभारा मानिसलाई मात्र दिइएको थियो।

"हाम्रै स्वरूपमा मानिसलाई बनाऔं" भन्दा मानिसको सृष्टिमा त्रीएक परमेश्वरको समावेश भएको थियो भन्ने जनाउँछ। अनि परमेश्वरले नर र नारी बनाएर मानवजात सृष्टि गर्नुभयो (याद गर्नुहोस्, पुरूषमात्र होइन स्त्री पनि परमेश्वरको स्वरूपमा उहाँले बनाउनु भएको हुनाले स्त्रीजातीलाई दोस्रो दर्जा मानेर व्यवहार गर्नु बाइबल सम्मत नभएको पाइन्छ। जबसम्म नारी जातिलाई परमेश्वरको स्वरूप समान व्यवहार गरिन्दैन तबसम्म नारीको उचित सम्मान गरेको ठहर्दैन, जतिसुकै नारी स्वतन्त्रताको हुँकार गरेतापनि सबै समाजमा नारीलाई तल्लो दर्जामा हेर्ने दोषी चस्माको मरम्मत हुँदैन-अनुवादकको टिप्पणी)। परमेश्वरको त्यो कार्यले गर्दा उहाँको स्वरूप एक नर वा एक नारीबाटमात्र पूर्णरूपमा प्रदर्शित हुँदैन। मानिसहरूको बीचमा कस्तो सम्बन्ध हुन्छ त्यसले त्रीएक परमेश्वरको सम्बन्धलाई देखाउँदछ। कारण किनभने त्रीएक परमेश्वरको बीचमा कस्तो सम्बन्ध छ भनेर देखाउने आधार नै उहाँहरूको बीचको कार्यगत एकता र एकमत स्वभावले देखाउँदछन्। पुरूष र स्त्रीबीचको सम्बन्धले परमेश्वरको स्वरूप वा चरित्र देखाइयोस् भन्ने बाइबलको चाहना छ। नर र नारी बीचको सम्बन्धमा सक्षमता

हासिल गर्नाले तिनीहरू परमेश्वरको स्वरूपमा बनाइएको भनेर प्रमाणित गर्दछ। तर पारस्परिक सम्बन्धमा रहनुको अर्थ एक आपसमा जिम्वेवारी लिएर जीउनु पनि हो। त्यसको मतलब नितिगत वा नैतिक अभिभारा बोकेर चल्नु हो। सृष्टिको कथासँग नैतिकता कसरी गाँसिएको रहेछ भन्ने बलियो आभास् हामी यसबाटै थाहा पाउँछौं।

**मानिसहरू परमेश्वरको सक्कल वा स्वरूपमा बनाइएकोले उनीसँग नैतिक चरित्रता गाँसिएको हुन्छ भनेर उत्पत्ति ९:६ र याकूब ३:९ले यसरी बताउँदछ: "यदि कसैले एउटा मानिसलाई मार्छ त्यसलाई अर्को मानिसले प्राणदण्ड दिनु पर्छ किनभने परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नु भएको थियो।" "हामी हाम्रा जिब्रोलाई हाम्रो परमप्रभु अनि पिताको स्तुतिमा उपयोग गर्छौं। अनि अझै त्यही जिब्रोले हामी मानिसहरूलाई सराप्छौ जसलाई परमेश्वरको स्वरूप वा सक्कलमा बनाइएको थियो।"**

नैतिकता भनेको के हो, आदर्श चरित्र भनेको के हो, नितिगत रूपमा चल्नु भनेको के हो जस्ता प्रश्नहरूले मानव इतिहास हजारौं वर्षसम्म घम्साघम्सी भइरहेको पाइन्छ। उचित नैतिकता के हो भन्ने तर्कमा पस्नु भन्दा पहिले नै नैतिकता सम्बन्धि धेरै गहिरो समस्याहरू खडा भएको पाउछौं। बनमान्छे, किरा फटयाङ्ग्रा, चराचुरूङ्गी तथा जन्तु जनावरहरूलाई नदिएको ठीक र वेठीक रोज्ने सक्षमता मानव जातिलाई किन दिइयो त? आखिरमा मानव जातिमा पनि जन्तु जनावर तथा किरा फटयाङ्ग्रामा भएका भौतिक तत्वहरू जस्तै आटम, इलेक्ट्रोन आदिहरू छन् नी? तर नैतिकता वा नितिगत हिंड्ने चरित्र मानव जातिबाट मात्र किन अपेक्षा गरिएको छ त? त्यसको जवाफ बाइबलका प्रारम्भिक अध्यायहरूमा भएको पाइन्छ। "परमेश्वरको स्वरूपमा" मानिस जातिलाई परमेश्वरले सृष्टि गर्नुभएकोले तिनीहरूलाई नैतिकवान बनाइएको थियो भनेर बाइबलले स्पष्ट रूपमा देखाउँदछ।

## ३. एउटै रगतले बनिएका (प्रेरित १७:२६)

आफ्नी श्रीमतीको नाउँ दिन आदमलाई जिम्मा लगाइएको थियो भनेर उत्पत्ति २:२३ले बताउँदछ। उसले उनलाई हभाह (Havah) भनेर सम्बोधन गर्दछ। हिब्रू भाषामा Havah भन्ने शब्द क्रियापद hayah अर्थात् हेयहसँग जोडिएको छ। त्यसको अर्थ "जीउनु" हो। (यहूदीहरूले त्यसको सम्बधित शब्द लेहइम lehayim प्रयोग गर्दछन् जसको अर्थ हो "जीवन दिनु" हो)। त्यसकारण शब्दलाई केलाएर हेर्दा

हिब्रू भाषामा हब्बाह (Havah) भन्ने शब्दलाई "जीवन-दिने" भनेर अनुवाद गर्न सकिन्छ। हब्बालाई सारा मानव जातका आमा भनेर कहलाइन्छ। त्यसले हामी सबै एकै परिवार हौं भनेर देखाउँदछ।

**धर्मशास्त्र बाइबल भन्दा बाहिरको साहित्यलाई उदृध गरेर "उहाँमा नै हामी चल्छौं" भनेर बसुदैव कुटुम्वम् अर्थात् सबै मानिसहरू दाजुभाईहरू हौं भन्ने धारणालाई पावलले समर्थन जनाएका थिए। सृष्टिले गर्दा हामी सारा मानव जात एकै परिवारका हौं। "तिमीहरूको एउटै परमेश्वर पिता हुनुहुन्छ" भनेर येशूले मत्ती २३:९मा सम्बोधन गर्नुहुँदा पनि हामीहरूको जड कहाँ रहेछ भनेर देखाउँदछ।**

बाइबलको मुताविक हामी सबै जना एउटा स्त्री हब्बा र एउटा पुरूष आदमबाट आएका हौं। अनि परमप्रभु सनातनका परमेश्वर पिता हामी सबै मानिसहरूका पिता हुनुहुन्छ। यदि परमेश्वर हाम्रो पिता भनेर मानिलियौं भने हामी सबै जना बराबरी वा समान छौं भनेर देखाउँदछ। यदि यो आत्मज्ञान वा महत्त्वपूर्ण सत्यलाई सबैले बुझ्न सक्यो भने मानिस मानिस बीचको सम्बन्ध कस्तो फरक हुने होला, यो अत्यन्त सोचनीय कुरो हो। हामी कतिको पापी छौं र पापले हामीलाई कतिको क्षति पुऱ्याए भन्ने अरू कुनै प्रमाण हामीलाई चाहिन्छ त? यदि चाहिन्छ भने मानिस मानिसको बीचमा व्यवहार गर्ने चरित्रलाई नै हेरे पनि हुन्छ। मानिस मानिसको बीचमा जुन क्रुर, अमानविय व्यवहार गरिन्छ त्यसले गर्दा मानिस सामाजिक जनावर हो भनेर कसैले भन्छ भने जनावरकै बेइज्जत हुनजान्छ (कुनचाहिँ जनावरले आटम बम अर्थात् अनगिन्तियौं हातहतियार आविश्कार गरेर आफ्नै जातलाई सखाप पार्दछ र? - अनुवादकको जिज्ञासा)।

**परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको हो भन्ने सत्यतालाई आत्मसात् गर्न सक्यौं भने हाम्रो नैतिक जिम्मेवारी के हुने रहेछ भनेर देहायका केवल दुई पदहरूले मात्र कसरी देखाउँदछन्, हेर्नुहोस्: हितोपदेश १४:३१, "जो मानिसले गरीबलाई दु:ख दिन्छ वा शोषण गर्छ उसले सृष्टिकर्ताको अपमान गर्छ, तर जसले उहाँलाई आदर गर्छ गरीबलाई पनि दया देखाउँछ।" हितोपदेश २२:१,२ "धन सम्पत्तीको मालिक हुनु भन्दा सम्मान पाउनु असल हो। सम्मानित हुनु सुन चाँदी भन्दा उत्तम हो। सबै परमप्रभुका सृष्टि हुन यसर्थ कुन धनी कुन गरीब हो? सबैजना बराबर छन्।"**

आज मानिस जातिलाई धेरै तत्वहरूबाट विभाजित गरिएकाछन्, जस्तै राजनैतिक, राष्ट्रियता, जात जाती, भौगोलिकको आधारमा रंग वा

वर्ण, सामाजिक, धर्म र आर्थिक। आर्थिक कारणले मानिसहरूलाई विभाजन गर्न तत्व सबभन्दा गम्भिर भएको मानिन्छ। जुनसुकै वाद यस संसारमा आएतापनि विश्वको मजदुरहरू कहिले पनि एक हुन सकेका छैनन्। बरू राष्ट्रिता र वादले गर्दा मानिस मानिसको बीचमा संग्राम भइरहेको पाइन्छ। फेरि इतिहासको सुरूदेखि नै धनी र गरिबको बीचमा भएको भेदभावले गर्दा एक आपसमा अविश्वास र शङ्काको भूमरीमा मानिस जाति होमीरहेकाछन्। त्यस्तो भेदभावले गर्दा वर्गसंघर्षको नाउँमा लडाईं नै भइरहेको पाइन्छ। जुनसुकै वाद आएर वर्ग संघर्ष चर्काएतापनि मानिसहरू गरिब भएका भएकै छन्। यसबाट सबै जना चकित भइरहनु स्वभाविकै छन्। (मत्ती २६:११ पढ्नुहोस्)। तर परमेश्वरकै वचन बाइबलबाट निस्कएको हुनाले एउटा कुरामा हामी यकिन छौंः चाहे हामी गरीब हौं वा धनी हौं ,(मजुदर वर्ग हौं वा मालिक वर्ग हौं, स्त्री हौं वा पुरूष हौं, बालक हौं वा हुर्केका हौं, जनता हौं वा नेतावर्ग हौं) हामी सबै जना सम्मानपूर्वक र समानतापूर्वक व्यवहार गरिनु योग्यका छौं। हामी सबैजना बराबरीको थलोमा बस्ने अधिकार हाम्रो सुरू कसरी भएको हो त्यसबाट पाएका छौं।

**सन् अठारौं शताब्धीको दशकमा बिलायतका चिन्तक चार्लस दार्विनको अनुमानीत विकासवाद सिद्धान्तले जनमानसमा लोकप्रिय स्थान पाएका थिए। "सानोबाट ठूलो भएको पो रहेछ" भन्ने शिक्षाले गर्दा धनी वर्गले गरीब वर्गमाथि शोषण गर्न अधिकार पाएको अनुभव गरेको थियो। गरीबहरू पनि दुःख कष्टै पाएर हुर्कनु पर्छ, कमजोरीहरू आफ्नै प्रयासद्वारा माथि आउन खोज्नुपर्छ, बलियाले निम्नलाई दबाएर माथि बस्न सिक्नुपर्छ किनभने यो प्रकृतिको नियम हो भन्ने जस्ता "सामाजिक दार्विनवाद"ले एक आपसमा असंवेदनशील हुन टेवा दिइरहेका थिए। त्यहि सिद्धान्तलाई आर्थिक जगतमा पनि किन प्रयोग नगरौं भनेर त्यस बादका समर्थकहरूले सोचेका थिए। यदि हामी कहाँबाट आयौं र कहाँ जान्दैछौं भन्ने उचित नैतिक ज्ञान पायौं भन्ने दार्विनको वादलाई अल्पमतमा पारि परमेश्वरको दृष्टिद्वारा एक आपसमा हेर्न कसरी सघाउन सक्छ?**

## ४. हाम्रो सृष्टिकर्ता परमप्रभु परमेश्वरको चरित्र वा स्वभाव (लूका १०:२९-३७)

अरू कसैको होइन, सृष्टिकर्ता र जगतका स्वामी परमेश्वरकै स्वरूपमा हामी सृष्टि भएका हौं। त्यसको अर्थ यो पनि हो कि हाम्रो चरित्र र स्वभाव पनि उहाँको जस्तै हौं। हामी मानिस जातिको

सिमानामै रहेर बसेपनि हामी झण्डै उहाँ जस्तै हुनुपर्छ भन्ने परमेश्वरको चाहना हो। परमेश्वर जस्तै हुनु भनेको परमेश्वर नै हुनु भनेको होइन। ती दुई अवधारणाको बीचमा धेरै ठूलो र महत्त्वपूर्ण भिन्नता छ। (आफ्नो अथक त्याग तपस्या आत्मज्ञान वा बौद्धिक ज्ञान आदि हासिल गरेर भगवानको दर्जामा मानिसलाई पुऱ्याएर उसलाई पुजनीय बनाउन बाइबलले इङ्गित गरेको छैन)। परमेश्वर जस्तै हुनुभनेको उहाँको स्वभावको प्रतिविम्व गर्नु हो। यो कुरा थाहा पाउन चरित्रको उचित अर्थ जान्नु आवश्यक छ।

**हामीहरूको जीवनबाट परमेश्वरको चरित्र वा स्वभावको कसरी प्रतिविम्व गर्नुपर्छ भनेर येशूले मत्ती ५:४४-४८मा यसरी सम्बोधन गर्नुभएको छः तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, तिमीहरूलाई खेदो गर्नेहरूको निम्ति प्रार्थना गर। यदि तिमीले यसो गर्यौं भने तिमी स्वर्गको पिताका सच्चा छोराछोरी हुनेछौ। किनभने उहाँले दुष्ट र सज्जन दुवैका निम्ति घाम लगाइदिनुहुन्छ। अनि धर्मी र अधर्मीहरूको निम्ति वृष्टि पठाइदिनुहुन्छ। यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूले कुनै इनाम पाउने छैनौ। महसूल वा कर उठाउनेहरूले पनि त्यसै गर्छन्। अनि यदि तिमीहरू आफ्ना साथी-भाइहरूलाई मात्र अभिवादन गर्छौं भने परमेश्वरलाई विश्वास नगर्नेहरू भन्दा तिमीहरू के फरक भयौ त? परमेश्वरलाई नजान्ने र विश्वास नगर्ने मानिसहरू पनि आफ्ना साथीभाइहरूलाई असलै व्यवहार गरेका हुन्छन्। यसैकारणले तिमीहरू सिद्ध होऊ, जसरी तिमीहरूका स्वर्गका पिता सिद्ध हुनुहुन्छ।" ("अर्थात् जसरी आफ्नो ठाउँमा उहाँ सिद्ध हुनुहुन्छ, हामी पनि हाम्रो ठाउँमा सिद्ध हुनुपर्दछ"-एलेन जी ह्वाइट)।**

**त्यसरी नै परमेश्वरको चरित्र के हो र उहाँले सृष्टि गर्नु भएको मानिस जातिलाई धर्म, वर्ग, लिङ्ग, वर्ष, जातजाति वा रङ्ग आदि नभनी सरसम्मान गरि व्यवहार गर्नुपर्छ भन्ने भन्ने येशूको चाहनालाई लूका १०:२९-३७को अर्तीकथाले कसरी बताउँछ, हेर्नुहोस्। साथै फिलिप्पी २:१-८ पनि पढ्नुहोस्।**

येशूको अर्तिकथामा इस्रायलमा रहेका दुई जातका मानिसहरू समेटिएकाछन्। (ती जातीहरू थिए-यहूदी जाति र यहूदीहरूसँग पानी नचल्ने सामरी जाति। त्यस कथा अनुसार एक दिन एउटा यहूदी यात्रीलाई अनकन्तार ठाउँमा चोरहरूले मरसान्न तरिकाले कुटे र लुटे। त्यस समय मन्दिरका पुजारी त्यतातिर भएर जाँदा मन्दिर खोल्न हतार मान्ने निहुँमा बाटोमा मर्न लागिरहेको यात्रीलाई वास्तै नगरि गए।

त्यसपछि फेरि अर्को मानिस जो मन्दिरको रखवाल गर्थे, त्यसले पनि घाइतेलाई केहि नगरी मन्दिरतिर लम्के। अनि एक जना पानी नचल्ने सामारी व्यापारी यात्री त्यहि बाटोबाट जाँदा उसको मनमा दया उब्जेर आयो। त्यस घाइतेलाई आफूसँग रहेको तेल मलहम लगाएर आफ्नै गधामा राखेर नजिकको होटेलमा लगेर सुताइ दिए। अनि होटेलको मालिकलाई केहि पैसा दिएर त्यसको स्याहार गर्न अनुरोध गरे। अरू पैसा चाहिन्छ भने फर्केर आउनेबेलामा दिन्छु भनेर कबूल गरेर गए)। घाइते भएको यहूदी र सामरी जातिहरूको बीचमा भयङ्कर वैमनश्यता थियो। तर ती दुई विभिन्न जाति भएतापनि तिनीहरू एक आपसका छिमेकी वा मित्र हुन् भनेर येशूले सिकाउन चाहनुभएको थियो। एक आपसप्रति जवाफदेहिता हुनुपर्छ भन्ने त्यसको अर्थ थियो। (धर्म र जात भन्दा मानिस ठूलो छ) भन्ने प्रष्ट पारिएको त्यस कथामा जब आफ्ना भिन्नताहरूलाई पन्छाएर एक आपसमा दया र करूणा देखाइ व्यवहार गरिन्छ त्यसमा परमेश्वर प्रसन्न हुनुहुन्छ भन्ने त्यस कथाको मूल सार थियो।

परमेश्वरको राज्यको सिद्धान्त वा विधि र सैतान अर्थात् परमेश्वरको विरोधीको शासनको विधिमा कस्तो भिन्नता छन् भनेर पनि त्यस अर्तिकथाले हामीलाई बताउँछ। बलियाले निर्धालाई स्याहार गर्नुपर्छ भनेर परमेश्वरले आह्वान गर्नुहुन्छ। तर कमी कमजोरीमाथि रजाइँ गर्ने र त्यसमाथि फाइदा उठाएर आफू सम्पन्न हुने निति सैतानको हो। सारा मानिसहरू शान्तसँग जीउन् र एक आपसमा सौहार्द सम्बन्ध राख्न परमेश्वरले यस संसार सृष्टि गर्नुभएको थियो। तर सैतानले यस संसारलाई यस्तरी बँग्याइ दियो कि बलियाहरू बाँच्न अधिकार छ तर गरिब तथा कमजोरीहरू बाँच्न अधिकार छैन भनेर उसले सिकाइरहेको छ। विकासवाद सिद्धान्तमा सरभाइबल अभ द फिटेस्ट (survival of the fittest) नारा छ। बलियाले कमजोरीलाई हराउँदै जीउँछ भने, हामीले पनि कमजोरीप्रति दया देखाउन किन आवश्यकता छ र, निर्धाप्रति हामीले किन चासो दिने? यदि हामीले त्यस धारणालाई स्वीकार गऱ्यौं भने येशूले सिकाउनुभएको नितिलाई पछ्याएका छैनौं भनेर प्रमाणित गर्दछ। त्यसैकारण आफू भन्दा निम्नस्तर र कमजोरी वर्गलाई शोषण नगर्न बाइबलले स्पष्ट रूपमा आह्वान गरेको पाइन्छ।

**मानिस भएर नैतिक जिम्मेवारी वहन गरि जीउन र अरूको आवश्यकतामा संवेदनशील हुन हामीहरूको सुरूवात कहाँबाट आएको हो**

र कहाँ जान्दैछौं भन्ने ज्ञानमा भरपर्ने हुनाले त्यस ज्ञानबाट अरू के के कुराहरू हामीलाई सिकाउँदछन्?

## ५. आदर्श अर्थात् नैतिकवान र जवाफदेहि तथा पारदर्शी जीवन (प्रकाश २०:११-१३)

**मुर्ती नै मुर्तीहरूले भरिएको ग्रीकको एथेन्स प्रान्तमा पावलले प्रवचन दिएको थियो भनेर यो भन्दा पहिलाका अध्यायमा हेरेका थियौं (प्रेरित १७:१६-३१)। पावलको त्यस प्रवचनलाई फेरि पढ्नुहोस्। त्यसबेला पावलले कुन तर्क ती मुर्तीपूजकहरूको सामु पेश गरेका थिए? उनको प्रवचनको सुरूमात्र होइन कसरी अन्त्य भयो सो पनि केलाएर हेर्नुहोस्। मानिसको सुरूवात र नैतिकता वा धर्मी चरित्रको बारेमा तर्क प्रस्तुत गर्दै आफ्नो महत्त्वपूर्ण भाषण पावलले कसरी अन्त्य गरेका थिए?**

पावलले आफ्नो भाषण कसरी सुरू गरे र अन्त्य गरे भन्ने कुरो अत्यन्त रोचक छ। उनले सबैले मानेका सृष्टिलाई औंल्याएर प्रवचन सुरू गरेका थिए भने न्यायको बारेमा उल्लेख गर्दै त्यस प्रवचन अन्त्य गरेका थिए। यस पृथ्वी र यसमा भएका यावत थोकहरू सृष्टि गर्नुहुने परमेश्वरले सबैलाई न्याय गर्ने न्यायको दिन तोक्नु भएको छ भन्ने पावलको भनाइ थियो। नैतिकता वा धार्मिक चरित्रसँग मानिसको जिम्मेवारी गाँसिएको हुन्छ भन्ने पावलको तर्क थियो। (हाम्रो जीवनको प्रत्येक हिसाबकिताब वा चरित्र परमेश्वरको सामु खुला भएको हुन्छ। एक दिन परमेश्वरले हामी सबैको लेखाजोखा लिनुहुनेछ रे !)। प्रत्येक मानिसको वचन र कामको लेखाजोखा उहाँले लिनुहुनेछ। त्यसबेला फलानाले गरेर मैले यसो गरें भन्न पाइने छैन। प्रत्येकलाई दिइएको आत्मनिर्णयको अधिकारको जिम्मेवारी त्यस प्रत्येकलाई नै सोधिने छ। (त्यस सन्दर्भमा उपदेशक १२:१४ र मत्ती १२:३६,३७ पढ्नुहोस्)।

**प्रकाश २०:११-१३ र मत्ती २५:३१-४०मा परमेश्वरले गर्नुहुने न्यायको बारेमा स्पष्ट धाराणा राखिएको छ, सो पढ्नुहोस्। प्रत्येक व्यक्तिले वहन गर्नुपर्ने नैतिक जिम्मेवारीको बारेमा उक्त पदहरूले के भन्दछ?**

यस संसारमा जन्मेका र जहाँसुकै जन्मेतापनि प्रत्येक मानव प्राणीले परमेश्वरको न्यायको सामना गर्नुपर्नेछ। कुन आधारमा परमेश्वरले न्याय गर्नुहुनेछ भनेर स्पष्ट पार्दै येशूले भन्नुभएको नितिकथालाई हामी सबैले गम्भिरतापूर्वक लिनुपर्दछ। हामीले हामी भन्दा गरिब, निम्नस्तरलाई कसरी व्यवहार गऱ्यौं त्यसकै आधारमा

हाम्रो न्याय हुने छ अरे! प्रत्येकले प्रत्येकलाई वा एक आपसमा कसरी व्यवहार गर्छन् त्यसलाई बढो चासोसाथ परमेश्वरले नियालिरहेको हुन्छ भनेर त्यस नितिकथाले व्यक्त गर्दछ। त्यो पनि गरीब र श्रमिक वर्गप्रति हुनेखानेले कसरी व्यवहार गर्छ सो गम्भिर भएर परमेश्वरले हेरिरहेको हुन्छ रे ! अरूलाई थिचोमिचो गरि आफू माथि आउन खोज्ने स्वार्थी नियत भएको मानिसलाई स्वर्गमा स्थान छैन। शान्तका परमेश्वरको चरित्र वा स्वभावलाई स्वार्थी मानिसहरूले सरासर विरोध गरिरहेको हुन्छ।

यस संसारमा पिल्सिएका, हेपिएका, अन्यायमा परेका मानिसहरूलाई दिने न्यायप्रणालीको अभाव खेपिरहेको यस संसारमा एक दिन परमेश्वर आफैले न्याय गर्नुहुनेछ भनेर बाइबलले सिकाउँदछ। बाइबलले अरू केही सिकाउँदछ भने न्यायको मामिलामा चर्को स्वर घन्किएको हामी पाउँछौं। न्यायोचित वा उचित जीवन यापन गर्ने अधिकार प्रत्येकलाई सुम्पिएको छ र त्यसलाई हामीले कसरी प्रयोग गर्छौं त्यसको लेखाजोखा परमेश्वरले गर्नुहुनेछ भन्ने धारणा न्यायको तर्कले बताउँदछ। यदि नैतिकताको मापदण्ड नै छैन भने मानिसहरूलाई परमेश्वरले न्याय गर्नु किन आवश्यक हुन्छ र?

**न्यायको दिनको आगमनको बारेमा सोच्नुहोस्। सुसमाचार र ख्रीष्टले दिनुहुने मुक्तिको प्रतिज्ञाले कस्तो आशामा रहेर न्यायको दिनको सामना गर्नेछौं, यसबारे गम्भिर भएर सोच्नुहोस्?**

## उपसंहार:

<u>थप जानकारी:</u> यस पृथ्वीमा भएको माटोको धुलोबाट सृष्टिभएको आदम प्रथम् मानव थिए भनेर बाइबलले बताउँदछ। त्यो सृष्टिगर्ने सृष्टिकर्ता सनातनका परमप्रभु परमेश्वर आफै हुनुहुन्छ। हामीले बुझेको अनुसार नैतिकताको जग नै आदमबाट सुरू भएको हो। त्यसले गर्दा बाइबलले सिकाएको मानव जातिलाई चाहिने नैतिकता, धार्मिक चरित्र वा आदर्श स्वभावलाई मानव जीवनको सुरूवातको ज्ञानबाट अलग गर्न सकिन्दैन।

सुरूको मानव जातको जीवाशेष वा फसिललाई हामीले कुन् वर्गमा राख्ने? आदम भन्दा अघिका कुनै यस्ता मानव जात छैन जसको जीवाशेष यस पृथ्वीमा पुरिएको छ। यद्यपि कार्वन १४ले पहिचान गरेको अनुसार हजारौं वर्ष पुरानो फसिल वा जीवाशेष कहाँबाट आयो त? त्यसको जवाफमा विभिन्न सम्भाव्य उत्तरहरू निकाल्न सकिन्छ।

प्रथमतः तत्कालिन मानव फसिलमा देखिएको मगज सामान्य नै भएतापनि त्यसको बढ्ने प्रक्रिया अहिलेको मानव जातको भन्दा केहि हदमा फरक हुनसक्छ। दोस्रोमा, मानिसको जीवनशैली, वातावरण वा अन्य कुनै कारणहरूले गर्दा नरबाँदरका रूपमा रहेका ती मानव फसिल वा जीवाशेषहरू आफै पनि अपूर्ण वा त्रुटिपूर्ण हुनसक्छ। अर्को तेस्रो कारण त अझ यो हुनसक्छ, परमेश्वरको सृष्टिलाई बिगार्न तिनीहरू सैतानले प्रयास गरेका उसका सृजना हुनसक्छ, जुन कि हामीलाई बुझ्न कठिन छ। अर्को उत्खननबाट निकालिएका ती जीवाशेष वा फसिलहरू मानिसको नभएर अरू कुनै जनावरको हुनसक्छ जुन् कि मानिस जस्तै रूप भएको तर मानिसचाहिँ होइन। विभिन्न मानिसहरूका धारणाहरू फरक हुनसक्छ। त्यसको बारेमा यहि नै हो भन्ने कुरालाई कसैले ठम्याउन नसकेको हुनाले हामीले अनुमान गरेका कुराहरू नै ठिक हो भनेर जबरजस्ती मानेर बस्नु बुद्धिमानी देखिँदैन। कुनै पनि जीवाशेष वा फसिल आफैमा यस्तो लेबल राखेर आएको हुँदैन जस्तै कि, "५ करोड वर्ष अघि चिनमा निर्मित।" विभिन्न वैज्ञानिकहरूले यस पृथ्वीको इतिहासको बारेमा विभिन्न अडकल लगाएका हुन्छन्। फसिन वा जीवाशेषको वारेमा पृथ्वीका इतिहासले गर्न केहि हदमा वाख्या गर्न सकिएला। तर हामीले गरेका सबै वाख्याहरूको प्रमाण छैन। जसले जे वाख्या गरेतापनि ती केवल अनुमानित वाख्या मात्रै हुन्।

**चिन्तनमनन्:**

**अ.** सबै मानव जातलाई नैतिक सिद्धान्तहरू नदिने सृष्टिकर्ता नै छैन भन्नुको अर्थ के होला, सो सोच्नुहोस्। नैतिकवान, आदर्श चरित्रवान, धार्मिकपरायणता आदि ज्ञानहरू कहाँबाट आए होला त? विश्वका धेरै देशहरू विषेश गरेर विकसित देशहरूका मानिसहरूले परमेश्वरमा विश्वास नगरेको पाइन्छ। यद्यपि तिनीहरूमा पनि यो ठीक यो वेठीक वा आदर्श अर्थात् सर्वमान्य आचरण के हो भन्ने कडा ज्ञानले तिनीहरू परिचालित भएको पाइन्छ। यथार्थमा भन्ने हो भने के परमेश्वरलाई विश्वासै नगरि ती नैतिक नितिहरूको असली रूपमा विकास हुनसक्छ र? तिनीहरूमा भएका नैतिकताका केहि नितिहरू के हुन्? तर ती सबैमा भएका नितिहरूमा सबभन्दा महान् कमजोरि के हुनसक्छ?

आ. आजभोली वैज्ञानिकहरूले प्रयोगशालामा विभिन्न समसमायीक विषयवस्तुहरूको आविश्कार गरेका छन्ः जस्तै युथनेशिया अर्थात् मर्न चाहनेलाई सुई दिएर मार्नु, टेस्ट ट्युब बेबी, क्लोनिङ्ग वा प्रतिलिपी जीवहरूको उत्पादन गर्नु, भ्रुणहत्या आदि। हामीले ज्ञान भएको सृष्टिलाई मध्य नजरमा राखेर ती विषयवस्तुहरूलाई कुनै दृष्टिकोणमा हामीले हेर्ने?

इ. दोस्रो विश्वयुद्धमा लाखौं यहूदी तथा इसाईहरूलाई जर्मनका क्रुर र जातिवादी शासक हिटलर अनेकौं यातना दिएर मारेमा थिए। अनेकन यातना शिविरहरू खडा गरेर तिनीहरूलाई सखाप पारेका थिए। ती मध्ये जर्मनको दाच्चु भन्ने यातना शिविर पनि एक हो। त्यहाँ दुई लाख भन्दा बढि विभिन्न देशका मानिसहरूलाई बन्धक बनाएका थिए। ती मध्ये तिस हजार भन्दा बढि भोक, रोग र यातनाले मरेका थिए। सन् १९३५मा स्थापना भएको त्यो शिविर सन् १९६०मा वन्द भएको थियो। एक जना स्थानिय बासिन्दाले एक दिन त्यस नाजी अर्थात् हिटलरले संचालन गरेको यातना शिविरमा त्यहाँ हेर्न आउनेहरूलाई घुमाएका थिए। त्यस मानिसले चार्लस डार्विनको विकासवादको अनुमानित सिद्धान्तलाई उल्लेख गरेर पर्यटकहरूलाई घुमाएको थियो। चार्लस दार्विनको सिद्धान्तले नै प्रेरित भएर त्यस यातना शिविर खडा भएको हुनसक्छ भनेर त्यस स्थानिय वासिन्दाको भनाइ थियो। उसको भनाइ के मनासिव छ? कुन तर्कमा त्यस गाइडले भुल गरेको हुनसक्छ?